नेपाल सरकार
गृह मन्त्रालय
## श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय ।
## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०२/१३ गते)

श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोकमा यसै आ.ब.२०७५/०७६ मा हुने निम्न उल्लेखित निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१) दरभाउपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब.०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गरी यस कार्यालयबाट रु.१,०००।- (फिर्ता नहुने गरी) बुझाई मिति २०७६/०२/२७ गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र साथ को.ले.नि.का.काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं.११००२०३ यस कार्यालयको कोड नं.२७-३१४-५४ मा उल्लिखित दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको मान्यता प्राप्त बैंकबाट सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकको नाउमा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत (दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

३) मिति २०७६/०२/२८ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । उल्लिखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

४) सिलबन्दी भएका दरभाउपत्रहरु मिति २०७६/०२/२८ गते १४:०० बजे आमन्त्रित प्रतिनिधीहरु, सम्वन्धित दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

५) दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

६) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र फाराममा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ ।

७) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको दरभाउपत्र फारामहरु मान्य हुने छैन ।

८) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

९) साथै यो सूचना सशस्त्र प्रहरी बल नेपालको website : www.apf.gov.np मा समेत हेर्न सकिनेछ ।

**निम्न** :-

| ठेक्का नं. | कामको विवरण/निर्माण स्थल | स्वीकृत ल.ई. (भ्याट बाहेक) | दरभाउपत्र जमानत वापत रकम रु. |
|---|---|---|---|
| APF /SQ HQ/Earth Filling Works/075/076/001 | माटो सम्याउने कार्य ।<br>निर्माण स्थलः- सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक हाता भित्र क्लव हल नजिक रहेको नं.३ गेट वरिपरी खाली जग्गामा । | रु.१७,६८,३६४।८२ | रु.५०,०००।०० |